महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ श्रावण १५ गते, आईतबार

माननीय महालेखा परीक्षकज्यूबाट महालेखा परीक्षकको कार्यालयबाट गरिने आ.व.२०७३।७४ लेखापरीक्षणको सम्बन्धमा तयार गरीएको लेखापरीक्षण योजना-कार्यतालिका, २०७४ अनुसार महालेखा परीक्षकको कार्यालयबाट पहिलो चरणमा १३ जिल्लाहरु काठमाडौं, ललितपुर, भक्तपुर, हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट, बजाङ्ग, बाजुरा, मनाङ, मुस्ताङ र सोलुखुम्बुमा खटिने लेखापरीक्षण निर्देशक र टोलीका अन्य कर्मचारीहरुसँग छलफल सम्पन्न भयो ।

उक्त कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षण टोलीमा खटिने कर्मचारीहरुले पालना गर्नु पर्ने आचारण , लेखापरीक्षणको विधि, स्थानिय तहको लेखापरीक्षण, लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा निर्देशन दिनुभयो । महालेखा परीक्षकको कार्यालयले यस बर्ष सबै कार्यालयको लेखापरीक्षण गर्ने, लेखापरीक्षण गर्दा खर्चको उपलब्धिमा जोड दिनुपर्ने, बजेट व्यवस्थापन, योजना कार्यान्वयन, राजस्व, खरिद व्यवस्थापनमा जोड दिई लेखापरीक्षण गर्नुपर्ने निर्देशन दिनु भयो । साथै महालेखा परीक्षकको कार्यालयले वित्तीय लेखापरीक्षणको साथ साथै कार्यमुलक लेखापरीक्षणमा पनि जोड दिने कार्यालयको नीति रहने बताउनु भयो ।

माननीय महालेखा परीक्षकज्यूले जोखिमको विश्लेषण गर्दा उपलब्ध तथ्याङ्क, विभिन्न सञ्चार माध्यमाबाट प्रकाशित सुचनाको उपयोग गर्नुपर्ने, लेखापरीक्षण अवधि भरका लागी जिल्लामा लेखापरीक्षण कार्यालय खाडा गर्ने, लेखापरीक्षण टोली खटिएको जानकारी सर्बसाधारणमा पुऱ्याउन सार्बजनिक रुपमा सुचना प्रकाशित गर्ने र प्राप्त सुचनालाई लेखापरीक्षणको क्रममा विशेष रुपमा हेरी लेखापरीक्षणलाई विश्वासनिय र भरपर्दो बनाउन तथा वित्तीय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने गरी कार्यमा लाग्न सम्पुर्ण कर्मचारीहरुको ध्यान केन्द्रित हुनु पर्ने कुरामा जोड दिदै अबको सार्बजनिक आर्थिक प्रशासन पारदर्शि बनाउन लेखापरीक्षण योजना-कार्यतालिका २०७४ को कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।

..................

अशोक कुमार कार्की

सहायक प्रवक्ता